# रोजगारदाता तथ्यांक प्रतिवेदन




रोजगार सेवा केन्द्र

लालझाडी गाउँपालिका

शंकरपुर, कन्चनपुर


आ.व.२०८०/८१

## बिषयसूची

तथ्याङ्क संकलनको औचित्य........ 1

तथ्याङ्कको महत्त्व तथा दायरा ........ 1

तथ्याङ्क संकलनको विधी........ 2

रोजगारदाता........ 4

रोजगारदाताको अवस्था........ 5

वडागत रुपमा रोजगारदाताको विवरण........ 6

जनशक्तीको उपलब्धता........ 7

करार सम्झौता ........ 8

व्यवसायको नबीकरण........ 9

व्यवसाय संचालनमा रहेका क्षेत्र........ 10

घरेलु उद्योग ........ 10

कृषि तथा वन पैदावारमा आधारित उद्योग........ 11

पूर्वाधार उद्योग........ 11

सीप विकास........ 12

रोजगार सिर्जनाका क्रियाकलाप........ 12

स्थानीय तहको भुमिका........ 13

रोजगार सेवा केन्द्र सँगको पहुँच........ 14

## तथ्याङ्क संकलनको औचित्य

सूचना पाउनका लागि तथ्याङ्क चाहिन्छ। थाहा नभएको कुरा थाहा पाउन र थाहा पाउनु पर्ने कुरा थाहा पाउन पनि तथ्याङ्क चाहिन्छ । तथ्याङ्कले हाम्रो सूचना र ज्ञानको भण्डारलाई विस्तार गर्छ । तथ्याङ्कको उपलब्धताले चुनौती र अवसरहरूबारे सुसूचित भइन्छ । मानौं, कोही मानिस रोजगारीको लागि विदेश जाने सोचमा छ। यहाँ पनि तथ्याङ्क आवश्यक पर्छ । प्रायः नेपालीहरू कुन देशमा गइरहेका छन्? के कस्तो काम पाइन्छ ? कमाइ कति हुन्छ ? बचत कति हुन्छ ? खर्च कति लाग्छ ? हामी धेरैले यी तथ्याङ्क वा सूचना प्राप्त गरिसकेपछि मात्र कुन देश जाने भनेर निर्णय गर्छौं ।

के व्यापार, के व्यवसाय, के संघसंस्था सबैलाई आ-आफ्नो क्षेत्रअनुसारको तथ्याङ्क आवश्यक पर्छ । मानौँ कुनै व्यापारीले जाडो याममा ज्याकेट र स्विटर आयात गर्ने विचार गर्यो । उसलाई पनि तथ्याङ्क चाहिन्छ । प्रश्न उठ्छ कस्तो? जाडो यामभरि सरदर कति मान्छेले उक्त पसलमा ज्याकेट र स्विटर खरिद गर्लान् । कुन कुन उमेरका ग्राहक आउलान् ? आउने ग्राहकमध्ये पुरुष र महिला सरदर कति होलान् । औसत कति मूल्यका सामानको खोजी हुन्छ । कुन साइज बढी जान्छ। कुन रङ्ग बढी रुचाइन्छ ? हो यही विषयवस्तुको जानकारी लिई आगमी रणनीति तयार गरि कार्यान्वयन गर्न तथ्याङ्क आवश्यक रहन्छ।

यस्तै लालझाडी गाउँपालिकाले रोजगार रणनीति तयार गरि रोजगारी अभिवृद्धि र आर्थिक बिकासका क्रियाकलापलाई बढाउन नीति गत व्यवस्था गर्‍यो भने सो सम्बन्धमा गाउँपालिकाको रोजगार रणनीतिका लागि रोजगारदाता नक्साङ्कन स्थानीय स्तरमा रोजगारका अवसर र चुनौती, स्थानीय स्तरमा रहेको जनशक्ती र स्थानीय तथा क्षेत्रीय श्रम बजारका विभिन्न तथ्याङ्क आवश्यक रहन्छ तब मात्र एउटा पूर्ण उपयुक्त रणनीति बनाउन मदत गर्छ।

कुनै नगरपालिकामा चुनाव गराउनु छ । कति मतपत्र छाप्ने ? मतदाताको तथ्याङ्क चाहियो । कति कर्मचारी चाहिन्छ ? मतदान केन्द्रको संख्या चाहियो । कति प्रहरी चाहिन्छ ? एक मतदान केन्द्रमा औसत कति सुरक्षाकर्मी आवश्यक पर्छ त्यसको तथ्याङ्क चाहियो। तथ्याङ्क नभए न योजना हुने भयो न कार्ययोजना । न बजेटको अनुमान न जनशक्तिको कुनै हिसाबकिताब ।

## तथ्याङ्कको महत्त्व तथा दायरा

तथ्याङ्क प्रयोगको क्षेत्र निकै व्यापक हुन्छ। दैनिक जीवनका विभिन्न क्रियाकलापदेखि सार्वजनिक क्षेत्रका विविध गतिविधिहरूमा तथ्याङ्क अपरिहार्य हुन्छ। स्थानीय तहदेखि केन्द्र तहसम्मका हरेक तहमा निर्णय प्रकृयाका लागि तथ्याङ्क नभई हुँदैन । खासगरी नीति निर्माण, योजना तथा कार्यक्रम तर्जुमा, कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्नमा तथ्याङ्कको प्रयोग भएको हुन्छ । यसका अतिरिक्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास लक्ष्यहरूको प्रगति मापन गर्नका लागि तथ्याङ्ककै आवश्यकता हुन्छ । तथ्याङ्कको महत्त्वलाई निम्नानुसारका बुँदाहरूले स्पष्ट पार्न सकिन्छ ।

- तथ्याङ्क विनाको योजना कल्पना गर्न पनि सकिँदैन ।

- ❖ तथ्याङ्कले सम्बन्धित तथ्यहरू बिचको सम्बन्ध प्रस्तुत गर्दछ ।
- ❖ तथ्याङ्क प्रशासनको आँखा हो ।
- ❖ अनुगमन तथा सुपरिवेक्षण कार्यलाई तथ्याङ्कले मद्दत गर्दछ ।
- ❖ तथ्याङ्क व्यापार, व्यवसाय र वाणिज्यका लागि अमूल्य मानिन्छ ।
- ❖ तथ्याङ्क विगतको ज्ञान र अनुभवको अभिलेख हो ।
- ❖ विज्ञानका सबै क्षेत्रमा तथ्याङ्कीय विधिको प्रयोग हुन्छ।
- ❖ नीति निर्माण तथा निर्णय प्रक्रियामा तथ्याङ्कले पृष्ठपोषकको कार्य गर्दछ ।

## तथ्याङ्क संकलनको विधी



तथ्याङ्कका स्रोत भन्नाले तथ्याङ्क उपलब्ध हुने माध्यम वा स्थानलाई बुझाउँछ । तथ्याङ्क संकलनको उद्देश्य र क्षेत्र तय भइसकेपछिको अर्को चरणमा तथ्याङ्कको स्रोत पहिचान गरिन्छ। तथ्याङ्क प्राप्तिका हिसाबले तथ्याङ्कलाई मुख्यगरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ।

प्राथमिक तथ्याङ्क (Primary Data) र माध्यमिक तथ्याङ्क (Secondary Data)।

अनुसन्धानकर्ता ,संकलनकर्ता स्वयम् आफैँले संकलन गरेको तथ्याङ्कलाई प्राथमिक तथ्याङ्क र स्रोतलाई प्राथमिक स्रोत भनिन्छ भने अरू कसैले संकलन गरेको तथा विभिन्न प्रकाशित प्रतिवेदन, प्रकाशनहरुको तथ्याङ्क पुनः प्रयोगका लागि संकलन गरिएको तथ्याङ्कलाई माध्यमिक तथ्याङ्क र त्यस्ता स्रोतलाई माध्यमिक स्रोत भनिन्छ। प्रकाशित र अप्रकाशित गरी माध्यमिक तथ्याङ्क दुई प्रकारका हुन्छन् ।



तथ्याङ्क संकलन प्रचिलित Statics Methodology अनुसार नै गरिएको छ। रोजगारदाताहरुको तथ्याङ्क संकलनका क्रममा रोजगार सेवा केन्द्रको तर्फबाट प्राथमिक रुपमा सम्बन्धीत रोजगारदाताको तथ्याङ्क संकलन गर्न सबै वडा कार्यालयहरु सँगको समुन्वयमा परिपत्र गरि सूचीकृत बेरोजगारको सूचीमा रहेका बेरोजगारहरु छनौट गरि तथ्याङ्क संकलनकर्ताहरु लाई सिफारिस गरिएको थियो। तथ्याङ्क संकलन गर्न प्रत्येक वडाबाट एक जना संकलनकर्ताको व्यवस्थापन गरि तथ्याङ्क संकलनका बिषयवस्तुका सम्बन्धमा अभिमुखीकरण गरिएको छ।

तथ्याङ्क शद्धतालाई ध्यानमा राख्दै तथ्याङ्क संकलनमा ध्यान दिनु पर्ने चरण (Step) हरुको पनि वर्णन गरिएको थियो।तथ्याङ्क संकलन गर्न Statistic सिद्धान्त, विधि प्रकृया,अबलम्बन गरि तथ्याङ्क संकलनकर्ताहरु लाई तल उल्लेखित विषयवस्तुलाई ध्यान दिन रोजगार सेवा केन्द्रका तर्फबाट निर्देशन गरिएको थियो।

The GATHER steps

G = Greet clients in an open, respectful manner

A = Ask clients about themselves and pay attention to what clients express

T = Tell clients about the objectives of the interview

H = Help clients to choose their answer and give their opinion

E = Explain fully about the survey and its benefits too.

R = Return

## रोजगारदाता



स्थानीय तहमा आर्थिक विकासका गतिविधि लाई बढाउन आवश्यक देखिन्छ तब मात्र स्थानीय तह आफैमा बलियो र आत्मनिर्भर बन्न सक्दछ। यि यस्तै आवस्था लाई मध्यनजर गर्दै लालझाडी गाउँपालिकाको श्रम रोजगार तथा उद्यम वाणिज्य विकास रणनीति तथा कार्यनीति तय गर्न रोजगारदाता तथ्याङ्क आवश्यक छ। श्रम ऐन २०७४ का दफा नं. २ मा परिभाषा गरे अनुसार रोजगारदाता" भन्नाले श्रमिकलाई काममा लगाउने व्यक्ति वा प्रतिष्ठान सम्झनु पर्छ र सो शब्दले प्रतिष्ठानको हकमा व्यवस्थापकलाई र यस ऐन बमोजिम आपूर्ति गरिएको श्रमिकको हकमा श्रमिक आपूर्तिकर्तालाई समेत जनाउँछ।


रोजगारी हक सम्बन्धी ऐन २०७५ को परिभाषा खण्ड को (झ) "रोजगारदाता" भन्नाले बेरोजगार व्यक्तिलाई यस ऐन बमोजिम रोजगार दिने नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र अन्तर्गतका कार्यालय तथा निकाय र सार्वजनिक संस्थान तथा संगठित संस्था, उद्योग, प्रतिष्ठान तथा कानून बमोजिम संचालनमा रहेका रोजगारमूलक संस्था सम्झनु पर्छ र सो शब्दले निजी रोजगारीका अवसर उपलब्ध गराउने व्यक्तिलाई समेत जनाँउछ। भनेर परिभाषित गरेको पाईन्छ।



लालझाडी गाउँपालिका कृषि उत्पादनमा आधारित पालिका भए पनि वन जंगल तथा प्राकृतिक सम्पदाका हिसाबले निकै महत्वपूर्ण पालिका हो। विभिन्न क्षेत्रका उद्यम व्यवसाय र रोजगारी स्वरोजगार गरिरहेका सम्बन्धमा आवश्यक तथ्याङ्क नहुँदा आगामी दिनमा पालिका ले अख्तियार गर्ने रणनीतिमा असर परेको छ। तथ्याङ्कको अभावमा रोजगारदाता उद्यम व्यवसाय अभिवृद्धि का लागि कुनै खास किसमका यस पालिका स्तरबाट सेवा सुविधा तथा सहायता प्राप्त गर्न नसकेको देखिन्छ।

कृषिमा आधारित पालिका भए पनि शिक्षाको कमि, प्रविधिको उचित प्रयोग, सीप विकासमा क्षमता नहुँदा उत्पादन वृद्धिमा समस्या रहँदा यहाँका कृषि उत्पादनहरुले स्थानीय बजारहरुमा उपलब्धता बाहेक ठूलो बजार सँग प्रतिस्पर्धा गर्न नसकिएको अवस्था छ जसबाट किसानले बढी मात्रमा लाभ आर्जन गर्न सकियोस्।


## रोजगारदाताको अवस्था



लालझाडी गाँउपालिकामा ६४.८१ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकाको लागि कृषि तथा पशुपालनमा निर्भर रहेको छ। यस गाँउपालीकाको कृषि क्षेत्रमा साना र मझौला किसानहरूको बढी संलग्नता रहेको छ। मूलतः कृषि प्रणाली निर्वाहमुखी हुनु, उन्नत वीउविजन प्रयोग नहुनु, परंपरागत अन्नवालीमा नै जोड दिइनु र यसमा संलग्न श्रमिकहरूको उत्पादकत्व निकै कम रहँदा यस क्षेत्रबाट श्रमशक्तिको पलायन बढ्दो छ। गाँउपालीकाको कतिपय स्थानमा सुख्खा खडेरी, वेमौसमी वर्षा, असिना, वाढी आदिले खाद्यान्न उत्पादनमा प्रतिकूल प्रभाव परेको छ।

भौगोलिक परिवेश, उपलब्ध कृषि शिक्षा, उन्नत बिउबिजन र प्रविधि, स्रोत साधन, कृषि उद्यमी, युवा तथा सीमान्त कृषक वर्गको चाहना आदिलाई ध्यानमा राख्दै कृषिजन्य उत्पादन एवम् व्यापारमा प्रतिस्पर्धा,व्यवसायीकरण यान्त्रिकीकरण र विविधीकरण गरी कृषि क्षेत्रको रूपान्तरण गर्नु जरुरी छ। साथै सरकारी, सहकारी र निजी साझेदारीको अवधारणा अङ्गीकार गर्दै कृषि पेशालाई उच्च सम्मानजनक बनाई आयआर्जन तथा रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, व्यापार सन्तुलन, दिगो र सन्तुलित विकास, खाद्य तथा पोषण सुरक्षामा जोड दिनु आवश्यक छ।


लालझाडी गाउँपालिका कृषिमा आधारित पालिका भए पनि यहाँका कृषकले उत्पादन गरेका उत्पादनहरु बजार व्यवस्थापन,भण्डारण र वृद्धि विकासका क्षेत्रमा काम गर्ने यहाँ रोजगारदाता उद्योग व्यापारी नहुँदा ,कृषि उत्पादित बस्तुले कम बजार मूल्य पाइरहेको अवस्था देखिन्छ। यस गाउँपालिका भरिका रोजगादाताको तथ्याङ्का आधारमा कुल ८४



जना मध्ये ३६ वटा रोजगारदाताहरुले कृषि, वन तथा मत्स्यपालन उत्पादनका क्षेत्र तिर व्यवसाय संचालन गरेको देखिन्छन भने यी व्यवसायहरुमा ६८ जनाले रोजगारीमा संलग्न भएको देखिन्छ। औसतमा भन्नु पर्दा एउटा व्यवसायले २ जना बेरोजगारलाई रोजगारीमा संलग्न गराएको देखिन्छ।


यस क्षेत्रमा रहेका अधिकांश रोजगारदाताहरुले कृषि तथा वन पैदावारमा आधारित उद्योग व्यवसायको संचालन गरेको पाईन्छ भने यसमा पनि अधिकाशँ सहकारी संस्थाहरु रहेको देखिन्छ। यहाँका रोजगारदाताहरुले लगभग ३५ करोडको लगानी गरेको देखिन्छ। जसमा ४१२ जना रोजगारीमा संलग्न भएका देखिन्छ। यो भनेको औसतमा ५ जना साना उद्योग व्यवसायका रोजगारीमा काम गर्छन्।

## वडागत रुपमा रोजगारदाताको विवरण





वडागत रुपमा हेर्दा यस गाउँपालिका भित्र वडा नं. २ र वडा नं.५ मा १८ वटा रोजगारदाताहरु रहेको पाईन्छ यिनीहरुमा मध्ये पनि अधिकाँश कृषिमा कार्य गर्ने सहकारी, निजी विद्यालय, काष्ट मिल तथा गुड उद्योग र सिलाई कटाईका व्यवसायीहरु रहेको देखिन्छ। यी रोजगारदाताहरुले पनि कतिपयलाई नियमत रोजगारीको अवसर प्रदान गरिरहेको देखिन्छ भने कतिपयले मौसमी रुपमा रोजगारीका अवसरहरु उपलब्ध भएको देखिन्छ। रोजगार सेवा केन्द्रले संकलन गरेको रोजगारदाताहरु तथ्याङ्क अनुसार वडागत रुपमा वडा नं.४ मा बेरोजगारहरु ले रोजगारीका अवसर बढी पाएको देखिन्छ। यहा जम्मा कुल १४ वटा रोजगारदाताहरुले १६३ जना जनशक्तिलाई स्थानीय स्तरमा रोजगारीको अवसर प्रदान गरिरहेको पाईन्छ।

लाललाझाडी गाउँपालिका वडा नं ४ मा रहेको भगवत्ती ईटा उद्योगले यस क्षेत्रको सबै भन्दा बढी बेरोजगारहरुलाई रोजगारी दिएको देखिन्छ। यस उद्योगमा १२० जनाले कार्य गरिरहेको तथ्याङ्कले देखाउँछ। यसमा पनि कतिपय जनशक्ति बाहिर रहेको देखिन्छ। जसका लागि यहाँ उपलब्ध रहेको बेरोजगारहरुलाई दक्ष बनाउन जरुरी रहन्छ। अन्य रोजगारदाताहरुको हकमा भने निजी विद्यालयहरुले बढी रोजगारका अवसर सिर्जना गरेको देखिन्छ ।




## जनशक्तीको उपलब्धता

जनशक्तिको उपलब्धता भन्नाले त्यो मानव संसाधनको सञ्चिति र सक्रियता हो, जसलाई विभिन्न प्रकारका काममा उपयोग गर्न सकिन्छ। जनशक्तिको उपलब्धता भनेको कुनै पनि क्षेत्र वा उद्योगमा कुशल दक्ष, अर्धदक्ष अदक्ष कामदारहरूको छन्।




अर्थात कुनै पनि उद्योग व्यवसायी रोजगारदातालाई उसलाई आवश्यक सीप क्षमता भएको योग्य जनशक्ति श्रम बजारमा उपलब्ध हुन्छ वा हुँदैन। कुनै पनि उद्योग व्यवसायलाई चलाउन उपयुक्त जनशक्तिको आवश्यकता पर्दछ। बजारमा रहेको माग बमोजिम सीप,दक्ष जनशक्तीले सझिलै कामको अवसर प्राप्त गर्दसक्दछन् । दक्ष जनशक्तिका लागि मानिसहरूको शैक्षिक योग्यता र प्रशिक्षणको स्तर पनि महत्वपूर्ण हुन्छ। यसले उनीहरूको काम गर्ने क्षमता र उत्पादकत्वलाई प्रभाव पार्छ।

नेपाल जीवनस्तर सर्वेक्षण चौथोको अनुसार  २०७९/८० अनुसार नेपालको कुल बेरोजगारी दर २०.२७ प्रतिशत गरिबी रहेको देखिन्छ। जसबाट के सजिलै उपलब्ध गर्न सकिन्छ भने लालझाडी गाउँपालिका पनि गरिबी अवश्य रहेको देखिन्छ। हामी कहाँ मानिस शिक्षित नभएका होइनन्, शिक्षाको स्तर बढेको छ तर त्यो सामाजिक शिक्षा हो। यो शिक्षाले जागिर नपाउने होइन, पाइन्छ । तर, आफैं उद्यमी वा व्यवसायी बन्न भने कठिन हुन्छ ।


लालझाडी गाउँपालिका कृषि उत्पादन प्रयाप्त उत्पादन गर्न सकिने हुँदा-हुँदै उत्पादनमूलक उद्यम, व्यवसाय, उद्योगमा पर्याप्त लगानी आउन सकेको छैन,नयाँ उद्यमी आउन सकेको देखिन्छ। जिल्लागत रुपमा तुलना गर्दा सामाजिक र आर्थिक विकास गतिविधिका दृष्टिकोणले यो पालिका कमजोर रुपमा देखिन्छ। त्यसै पर्याप्त उद्योग व्यवसाय खुल्न नसक्दा जागिरमा छनोटको अवसर नहुनु, अर्धदक्ष तथा अदक्ष कामदार वैदेशिक रोजगारी र भारतमा जनशक्ति बाहिरिएको देखिन्छ। भने दक्षताको अभाव भएका कारणहरुले स्थानीय स्तर कतिपय पूर्वाधार,मिसिनरी सामग्रीको निर्माण तथा मर्मतका कामका लागि बाहिरबाट जनशक्ति झिकाउने गरेको देखिन्छ।

तथ्यांकका लागि रोजगारदाताहरु लाई स्थानीय स्तरमा माग रहेका जनशक्ती कति पाउँनु हुन्छ भन्ने प्रश्नावलीमा अधिकाँश कृषि, वन क्षेत्र तिर कार्य गर्ने उद्यमी व्यवसायीहरु योग्य जनशक्ति उपलब्ध हुने भए पनि उनीहरुको क्षमता अझै विकास गर्न लालझाडी गाउँपालिकालाई अनुरोध गरेको देखिन्छ भने उत्पादनमूलक उद्योग,शिक्षामा क्षेत्रमा कार्य गरिरहेका रोजगारदाताहरुले दक्ष जनशक्ति स्थानीय स्तरबाट उपलब्ध नहुँदा अन्य क्षेत्रबाट पदपूर्ति गरेको देखिन्छ ।

## करार सम्झौता

नेपाल श्रम कानुन ऐन २०७४ ले प्रत्येक श्रमिक र रोजगारदाताका बीच आधारभुत पारिश्रमिक र रोजगारको अवधि रोजगार सम्झौताका सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ। श्रम ऐन २०७४ अनुसार रोजगार सम्झौता" भन्नाले रोजगारीको सेवा, शर्त र सुविधाका सम्बन्धमा रोजगारदाता र श्रमिकबीच भएको सम्झौता सम्झनु पर्छ र सो शब्दले रोजगारदाताले श्रमिकलाई दिएको नियुक्तिपत्र समेतलाई जनाउँछ ।

रोजगारदाता र सम्बन्धीत कर्मचारीको करार सम्झौता गर्नु आवश्यक छ। यसले व्यवसाय र कर्मचारी दुवैलाई विभिन्न प्रकारका लाभ प्रदान गर्दछ। यस्तो सम्झौता दुवै पक्षको हितका लागि महत्वपूर्ण छ किनभने यसले कामको स्थिरता, सुरक्षा, र पारदर्शिता सुनिश्चित गर्न मद्दत गर्दछ। करार सम्झौतामा कर्मचारीको भूमिका, जिम्मेवारीहरू, कार्य समय, र अपेक्षित परिणामहरू खुलासा गरिन्छ। यसले दुवै पक्षको अनुरूपता र उत्पादकता सुनिश्चित गर्दछ। यस प्रकारको सम्झौता कानूनी रूपमा बाध्यकारी हुन्छ, जसले दुवै पक्षलाई अन्यायपूर्ण कारवाहीबाट सुरक्षा प्रदान गर्दछ। यदि कुनै विवाद उत्पन्न हुन्छ भने, सम्झौता विवाद समाधानको आधारको रूपमा काम गर्दछ। उक्त सम्झौता पत्रमा कर्मचारीले पाउने पारिश्रमिक,बोनस, बीमा, अवकाश, र अन्य सुविधाहरूको विवरण स्पष्ट गरिन्छ। यसले भविष्यमा सम्भावित जोखिम वा असंतुष्टिलाई कम गर्दछ।




यस लालझाडी गाउँपालिका भित्र रहेका विभिन्न स-साना रोजगारदाताले समेत आ-आफ्नो कार्यालयको नीति नियम भित्र रहि दई पक्ष बीच सम्झौता भएको तथ्याङ्कमा देखिन्छ।

## व्यवसायको नबीकरण


रोजगारदाता तथ्याङ्क संकलनको प्रश्नावलीमा रोजगारदाताहरु कत्तिको व्यवसाय नबीकरण र सम्बन्धीत नियमन तथा समुन्वयकारी निकायहरु सँग समुन्वय र विभिन्न कानुन ले व्यवस्था गरेका प्रावधानहरुलाई पालन गरिरहेका छन या छैनन् भन्ने जानकारी राख्न व्यवसायको नबीकरण नियमित रुपमा भएको नभएको जस्ता विषय पनि समिटिएको थियो। यसै सन्दर्भमा यस लालझाडी गाउँपालिका भित्र कार्य क्षेत्र रहेका व्यवसायी उद्योगी र रोजगारदाताहरु माथी उल्लेखित विषयमा नियमित नबीकरण र समुन्वयमा कार्य गरिरहेको देखिन्छ कुल ८४ वटा रोजगारदाताहरुको तथ्याङ्क उपलब्धतामा ७८ वटा व्यवसायिक संस्थाहरु व्यवसाय निरन्तरता अर्थात नबिकरण गरि कार्य संचालन भएको छ भने ६ वटा संस्थाहरुले दर्ता नभएका नबीकरण नगरेको तथ्याङ्कले देखाउँछ।

व्यवसायको नवीकरण गर्नु आवश्यक छ किनकि यसले विभिन्न प्रकारका लाभहरू प्रदान गर्दछ जसले व्यवसायको सुचारु र सफल सञ्चालनमा सहयोग पुर्याउँछ। अधिकांश देशहरूमा व्यवसायको नियमित नवीकरण गर्नुपर्ने कानूनी आवश्यकता हुन्छ। नेपालको हकमा पनि व्यवसायको प्रकृति हेरि नबीकरण अनुमति दर्ता निरन्तरता जस्ता प्रावधानहरु रहेका पाईन्छन्। कानुनले तोके बमोजिम कानुनको पालन गर्नु सबैको उत्तिकै भूमिका रहन्छ। नबीकरण नहुँदा जरिवाना, लाइसेन्स रद्द, विभिन्न सेवा सहायता बाट बन्चित वा अन्य कानूनी समस्याहरू उत्पन्न हुन सक्छन्।

नवीकरणको प्रक्रियाबाट, व्यवसायले नयाँ बजार ट्रेन्ड, ग्राहकको माग र टेक्नोलोजिकल प्रगतिहरूलाई अनुकूलन गर्ने अवसर प्राप्त गर्दछ, जसले बजारमा उनीहरूको प्रतिस्पर्धी स्थिति सुदृढ पार्न मद्दत गर्दछ। नवीकरणले ग्राहक तथा सेवाग्राही उपभोक्तालाई आफ्नो प्रतिबद्धता, गुणस्तर र सेवाहरू सुधारका बिषयवस्तुमा लाभ गरिरहेको हुन्छ। यसले ग्राहकको विश्वास र ब्राण्डको प्रतिष्ठा बढाउन मद्दत गर्दछ।

## व्यवसाय संचालनमा रहेका क्षेत्र

लालझाडी गाउँपालिका भित्र संचालनमा रहेका विभिन्न व्यवसाय मध्ये अधिकाशं संस्था कृषि, विद्युत क्षेत्रमा काम गर्ने सहकारी रहेको देखिन्छ यिनीहरुको पनि व्यवसायको प्रर्वद्धन गर्ने क्षमता न्यून हुँदा यस गाउँपालिका भित्र आर्थिक विकास अपेक्षाकृत सफलता पाएको देखिदैन्। भौगोलिक विकटता मुख्य बजार शिक्षा स्वास्थमा र सामाजिक विकासमा पछाडी रहे पनि संस्थाहरुको स्थापना र निरन्तर वृद्धिको विशेलषण हेर्दा कुनै पनि व्यसायीले Rapidly द्रुत आर्थिक वृद्धि गरेको देखिदैन्।




नेपालको औद्योगिक व्यवसाय ऐन २०७६ अनुसार सम्बन्धीत व्यवसायको उद्योगहरु वर्गीकरण यसरी गरेको देखिन्छ।जसमध्ये केहीको वर्गीकरण तल उल्लेख गरिएको छ।

## घरेलु उद्योग

हात वा खुट्टाले चलाउने र अर्धस्वचालित तान (ह्याण्ड लूम, पेडल लूम, सेमी- अटोमेटिक लूम), कपडा बेर्ने (पिङ्ग), परम्परागत प्रविधिबाट गरिने रङ्गाइ, छपाइ, सिलाइ (तयारी पोशाक बाहेक) र बुनाइ, जन र रेशममा आधारित हाते बुनाइका राडी, पाखी, गलैंचा, पश्मिना हातेकागज र सोमा आधारित वस्तु,परम्परागत कलामा आधारित वस्तु,परम्परागत मूर्तिकला, तामा, पित्तल, ढलौट, काँस र तथा हस्तकलाका सामान, जर्मनसिल्भर जस्ता धातुबाट हस्तनिर्मित भाँडा वर्तन मेला पोशाक, फलामबाट बनेका हस्तनिर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरु, चक्छु, चुलेसी, सुन वा चाँदीबाट हस्तनिर्मित गरगहना, वस्तु, भाँडा वर्तनहरू (बहुमूल्य, अर्ध-

बहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत), स्वदेशमा उपलब्ध किमति, अर्ध किमति तथा साधारण पत्थर कटाई उद्योग, ग्रामीण ट्यानिङ्ग छालाबाट हस्त निर्मित वस्तुहरु, जुट, सवाइ घाँस, चोया, बाबियो, सुती धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग,पत्थरकला (ढुङ्गा कुँदेर बनाइएका सामानहरु),पौभा, थाङ्का चित्र र अन्य परम्परागत चित्रकला,मुकुण्डो (मास्क) तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना,परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु, काठ, हाड तथा सिङ, माटो, चट्टान र खनिजका कलात्मक वस्तुहरु, सेरामिक्स तथा माटाका भाँडाकुँडा, हातले छाप्ने इँटा उद्योग।

## कृषि तथा वन पैदावारमा आधारित उद्योग

फलफूल खेती वा फलफूल प्रशोधन,खाद्यवस्तुको उत्पादन र प्रशोधन तथा भण्डारण,पशुपालन, पक्षीपालन (अष्ट्रिच समेत), पशुपक्षी प्रजनन, चल्ला काड्ने व्यवसाय र मासु उत्पादन तथा प्रशोधन,दूध उत्पादन तथा दुग्ध पदार्थ प्रशोधन उद्योग समेत),मत्स्यपालन, माछाभुरा उत्पादन, प्रशोधन एवं प्याकेजिङ्ग,कृषि उपज प्रमुख कच्चापदार्थ हुने पशुपक्षीको दाना उत्पादन उद्योग,रेशम खेती तथा रेशम प्रशोधन,चिया बगान, चिया प्रशोधन,कफी खेती, कफी प्रशोधन,जडिबुटी खेती, जडिबुटी प्रशोधन,तरकारी बीउ बिजन उत्पादन,तरकारी खेती, तरकारी प्रशोधन,हरित गृह (ग्रिन हाउस) स्थापना र सञ्चालन,मौरीपालन (मौरी प्रजनन, मह उत्पादन र प्रशोधन), पुष्प खेती, पुष्प प्रशोधन (माला बनाउने, सजावट गर्ने, गुच्छा बनाउने र बीउ बिजन उत्पादन समेत),नर्सरी व्यवसाय, वनस्पति उद्यान स्थापना, संरक्षण तथा व्यवस्थापन, वनस्पति प्रजनन व्यवसाय (टिस्सु कल्चर समेत),रबर खेती, रबरको प्रारम्भिक प्रशोधन र सञ्चालन,शीत भण्डार, कृषि बजार सञ्चालन तथा व्यवस्थापन,सामुदायिक, कबुलियति, साझेदारी, निजी वन तथा कृषि वनको स्थापना र व्यवस्थापन, अन्य गैर काष्ठजन्य वन पैदावार,नगदेबालीको व्यावसायिक खेती तथा प्रशोधन (जस्तैः ऊखु, कपास, सनपाट, सजिवन, स्वीट सरघम, स्टेभिया रेवौडिएन, सुर्ती, जुट, अलैंची, अदुवा, केशर, तेलहन, मसला बाली, दलहन आदि तथा तिनको बीउ उत्पादन),बेत, बाँस खेती, बेत बाँस तथा अन्य प्राकृतिक रेशाजन्य उत्पादनहरु,बीउ बिजन प्रशोधन,सःमिल, फर्निचर लगायतका काष्ठ उद्योग,पार्केटिङ्ग, सिजनिङ्ग, ट्रिटमेण्ट प्लाण्ट, प्लाइउड, कम्पोजिट, बोर्ड जस्ता काष्ठजन्य उद्योग,कागज, रेजिन लगायत अन्य गैर काष्ठजन्य वन पैदावरमा आधारित उद्योग,च्याउ, नयाँ प्रविधिद्वारा विरुवा उत्पादन गर्ने उद्योग (टिस्युकल्चर), एग्रोफरेष्ट, कपास खेती, कपास र कपासको बीउ उत्पादन तथा प्रशोधन गर्ने।

## पूर्वाधार उद्योग

सडक, पुल, सुरुङ्ग,रोपवे, रेलवे, ट्राम, ट्रलिबस, मोनोरेल र स्लाइडिङ्गकार,हवाई धावन मार्ग/विमानस्थल,औद्योगिक संरचना एवं पूर्वाधार कम्प्लेक्स,सभा सम्मेलन केन्द्र,खानेपानी आपूर्ति तथा वितरण,सिँचाइ पूर्वाधार,खेलकुद गृह, रङ्गशाला,सवारी पार्किङ्ग स्थल, पार्किङ्ग गृह,निर्यात प्रशोधन क्षेत्र,विशेष आर्थिक क्षेत्र,कार्गो कम्प्लेक्स,प्रदूषित पानी प्रशोधन उद्योग वाटर ट्रिटमेण्ट प्लाण्ट), टेलिफोन टावर, अप्टिकल फाइबर नेटवर्क, भू-उपग्रह, भू-उपग्रह प्रसारण केन्द्र,घर तथा आवास भवन,फिल्म सिटि निर्माण, फिल्म स्टुडियो निर्माण,व्यापारिक कम्प्लेक्स,निजी वेयर हाउस,इन्धन तथा ग्यास आपूर्तिको पाइप लाइन जडानको पूर्वाधारको निर्माण, व्यवस्था तथा सञ्चालन,ऊर्जा घर तथा ऊर्जा प्रसारण लाइनको पूर्वाधार निर्माण व्यवस्था तथा सञ्चालन।

## सीप विकास

सीप भनेको प्रतिभा, तालिम वा अभ्यासबाट विकसित कुनै काम गर्न सक्ने क्षमता हो । तपाईँको सीप नै तपाईँको सबैभन्दा ठूलो सम्पत्ति हो । उद्यमीका रूपमा तपाईँको व्यापार व्यवसायको विकास अत्यावश्यक हुन्छ । उद्यमीको व्यावसायिक सीप बढ्नु भनेको निजको परियोजनाको उत्पादनशीलतामा विकास हुनु हो । अहिलेको निकै परिवर्तनशील र प्रतिस्पर्धी संसारमा अभ्यस्त हुन, सफल हुन चाहिने अपरिहार्य चीज मध्ये एक हो, नयाँ सीप अथवा कौशलको विकास । जुन व्यक्तिले समय र परिस्थितिको माग अनुसार नयाँ सीप विकास गर्दै जान सक्छ, उसले परिवर्तित वा नयाँ वातावरणमा आफूलाई अभ्यस्त गराउन सक्छ, सफलता प्राप्त गर्न सक्छ । अन्यथा उसलाई कुनैपनि क्षण कोही एक योग्य व्यक्तिले विस्थापित गरिदिन सक्छ ।

श्रम बजार र माग बमोजिमको सीप बिकासले अहम भूमिका खेल्ने कारणहरू अत्यन्त महत्वपूर्ण छन् । यसले अर्थव्यवस्था, उत्पादन, र बजारको संरचना आधारित विकासमा महत्वपूर्ण योगदान प्रदान गर्दछ। श्रम बजार सिस्टम अर्थतन्त्रमा व्यक्तिहरूको श्रमिकता, कौशल, र उत्पादन क्षमताको विकास गर्दछ । बजारको माग बमोजिमको सीप बिकास गरि सो सम्बन्धी अवसरहरु लाई प्राप्त गर्नु सीप विकासको प्रमुख लक्ष्य हुनु पर्दछ । यसले वस्तु उत्पादन प्रक्रिया, बाजारको संरचना, र वित्तीय प्रणालीमा सुधार गर्दछ जसले अन्ततः अर्थतन्त्रलाई प्रेरित गर्दछ।

श्रम बजार र माग बमोजिमको सीप बिकास ले मात्रै विकास र रोजगारीको खाडललाई पुर्न सक्दछ । Labor Market को विश्लेषण बिना संचालन भएका सीप विकासका क्रियाकलापले बाजार फैलावट, कौशल विकास, उत्पादन वृद्धि, निर्माण विकास, आवास, र बेरोजगारीको न्यूनीकरण र अर्थतन्त्रको समृद्धिमा अवरोध पुऱ्याउँछ । हामी सँग भएका सीपहरुले बजार गतिविधीहरु विकास गर्न मदत गर्दछ । यसले उत्पादन र सेवाको मात्रात्मकता, गुणस्तर, र सामाजिक न्यायमा सुधार गर्दछ ।

यस तथ्याङ्क उपलब्धता का लागि संकलनकर्ता सँगको प्रत्यक्ष रोजगारदाताहरुको सँगको भेटघाटमा अधिकाँश रोजगारदाताहरु ले आफ्ना उत्पादनको लागि उचित बजरीकरण सम्बन्धी र गुणस्तरीय बस्तु उत्पादन र वित्तीय लेखा बिशलेषण सीपको आवश्यकता महसुस गरेको पाईन्छ । श्रम बजार माग र आफूर्ती श्रीख्ला नबुझी हामी दिने सीप विकासले झन रोजगारदाता र बेरोजगारहरु लाई संकट तर्फ उन्मुख गराउँदछ।

जसबाट रोजगारदाताहरुले आफ्ना उत्पादन बजारमा प्रतिस्पर्धी र बजारको माग अनुसार बस्तु उत्पादन गरी बिक्री वितरण गर्न सकिन्छ । यस बिषयबस्तुका सम्बन्धमा सम्पुर्ण रोजगारदाताहरुले सीप विकास आवश्यक रहेको भए पनि बजार सुहाउँदै कृषि उत्पादन वृद्धि, वित्तीय सक्षरता, बजार व्यवस्थापन, बजारीकरण, संचार सीप,विद्युतीय यन्त्र उपकरण operating तालिम को व्यवस्थापन तथा आन्तरिक रोजगारी र वैदेशिक रोजगारीमा कार्य अनुकुलनको सीप विकासका लागि पालिका सँग अपेक्षा राखिएको देखिन्छ ।

## रोजगार सिर्जनाका क्रियाकलाप

रोजगार सिर्जना गर्नका लागि विभिन्न क्रियाकलापहरू अत्यन्त महत्वपूर्ण छन्। यसमा अनुकूल नीति र कानूनी व्यवस्थापन, उत्पादन वृद्धि, उद्योग विकास, रोजगारीको शिक्षा र कौशल विकास, आर्थिक संरचना र प्रोत्साहन, र

समुचित बाजार निर्माण र श्रम बजार प्रणालीलाई समावेश गरि समाज, सरकार, तथा व्यवसायहरू बाँच्ने योजना र कार्यक्रमहरू अपनाउनुपर्छ।

नीति र कानूनी व्यवस्थापन: एक सुरक्षित र उत्तम रोजगार परियोजना गर्नका लागि, सरकारले नीति र कानूनी व्यवस्थापन तथा नियमहरू बनाउनुपर्छ। उत्पादन वृद्धि: उत्पादन वृद्धि गर्नका लागि नयाँ उद्योगहरूको विकास र प्रोत्साहन गर्नुपर्छ। उद्योग विकास: उद्योग विकासमा विशेष ध्यान दिइएको जानकारी तथा सेवाको प्रदान गर्नुपर्छ। रोजगारीको शिक्षा र कौशल विकास: रोजगारीको शिक्षा तथा कौशल विकास गर्नुपर्छ र विशेष गरी युवा तथा अल्पसंख्यक समुदायहरूको लागि शैक्षिक प्रोत्साहन प्रदान गर्नुपर्छ। आर्थिक संरचना र प्रोत्साहन: नयाँ उद्योगहरूको लागि आर्थिक प्रोत्साहन तथा सामुदायिक विकास परियोजनाहरूको अभिवृद्धि गर्नुपर्छ। बाजार निर्माण र विपणन प्रणाली: अवसरको अध्ययन गर्नुपर्छ र त्यसमा उत्पादन, प्रवाह, र बाजारको आवश्यकताहरूको प्रतिकूलन गर्नुपर्छ। यस्तै क्रियाकलापहरूले रोजगार सिर्जना गर्ने तथा अर्थतन्त्रलाई सकारात्मक रुपमा प्रभावित गर्दछ।

## स्थानीय तहको भुमिका

तथ्याङ्क संकलनको फारमको प्रश्नावलीमा रोजगारी सिर्जना र आर्थिक विकासका क्रियाकलाप बढाउन गाउँपालिकाले के गर्नु पर्छ भन्ने बिषयवस्तु समिटएको थियो। जस मध्ये ५८ वटा रोजगारदाताहरुले आफ्नो राय राखेको देखिन्छ। यस क्षेत्रमा रहेको रोजगारदाताहरुको ले शैक्षिक अवस्थामा सुधार, कृषि उत्पादनमा अनुदान, सहुलियत ऋण, कृषक, उद्यमी व्यवसायी लाई प्रोत्साहन सहित उपलब्ध रहेको जनशक्तीको श्रम बजारको माग बमोजिम क्षमता वृद्धि,सहुलियतमा विद्युत महसुल तथा मेसिनरी सागम्रीहरु उपलब्ध गराएर अभिभावकिय भुमिका प्रर्वद्धन गर्ने जस्ता विषयहरु राखेको देखिन्छ।

उत्पादकत्व र रोजगारी ग्रामिण अर्थतन्त्रको मुल आधार कृषि हो। शहरी क्षेत्रमा यसको योगदान महत्वपुर्ण छ। अर्थतन्त्रमा २९.३७ प्रतिशत योगदान भएको कृषि क्षेत्र रहेको छ र यसमा संलग्न जनशक्ति अदक्ष छन। कृषियोग्य भुमिको संरक्षण, माटो सुहाउदो उत्पादन (जस्तै गाँउ विशेष उत्पादन निर्धारण),बैज्ञानिक बीउ, मल तथा सिंचाईको व्यवस्था, उन्नत प्रविधीको ब्यवस्था गरी कृषिको उत्पादकत्व बढाउन जरुरी छ। यसले रोजगारीको सृजना गर्ने र औधोगिकिकरणको आधार तयार गर्दछ। स्थानिय कच्चा पदार्थको पहिचान र संरक्षण गर्ने, त्यसमा आधारित साना तथा घरेलु उद्योगको स्थापना, संरक्षण गरी ठुला उद्योगको आधार तयार गर्ने बातावरणको सृजना गर्ने जिम्मेवारी स्थानीय सरकारको हो।

यसले औद्योगिक उत्पादन बढ्ने र आर्थिक विकासलाई दिगो बनाउन सघाउछ। यसका साथै पर्यटन क्षेत्रको विकास मार्फत प्रत्यक्ष अप्रत्यक्ष रोजगारी सृजना गर्न सकिन्छ। स्थानिय तहले पर्यटकिय स्थानको पहिचान, प्रचारप्रसार तथा आवश्यक पुर्वाधार विकास गरी पर्यटनलाई विकासको खम्वाको रुपमा उपयोग गर्न सक्दछ।

एकिकृत वस्ती विकास र शहरीकरण विकास र संमृद्विको सूचक हो। लालझाडी गाउँपालिका भित्र छरीएका र अव्यवस्थित बस्तीहरु छन। यसले सार्वजनिक सेवा प्रवाह र विकासको कामलाई अगाडि बढाउन कठिनाई बनाईरहेको छ। स्थानीय सरकारले जोखिम क्षेत्रको पहिचान गरि ,बाढि पहिरोको जोखिममा र छरिएर रहेका बस्तीहरुलाई सुरक्षित ठाउँमा सारेर एकिकृत वस्तीको निर्माण गर्न जरुरी छ। यसले सार्वजनिक सेवाको लागत कम गर्ने र सरकारको


प्रभावकारीता बढाउँछ । बजार ब्यवस्थापन अर्थतन्त्रको महत्वपूर्ण पुर्वाधार बजार हो । बजारको विस्तार र विकास, पहुँच, यसको अनुगमन तथा समग्र ब्यबस्थापनमा स्थानीय सरकारले तत्काल भुमिका खेल्नुपर्ने देखिन्छ।

यसले यी क्षेत्रको क्षमता अभिवृद्धि गर्ने र सहकारितामुलक विकासलाई स्थानिय आवश्यकता अनुसार अगाडि वढाउने कुराको सुनिश्चितता गर्नु पर्दछ ।

## रोजगार सेवा केन्द्र सँगको पहुँच

नेपालको संविधान मौलिक हक धारा ३३ मा प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न, आफ्नो क्षमता अनुसारको रोजगारी छनौट गर्ने अवसर प्रदान गर्न तथा रोजगारीको शर्त, अवस्था तथा बेरोजगार सहायता सम्बन्धमा आवश्यक व्यवस्था गर्न नेपाल सरकारले रोजगारीको हकलाई कार्यान्वयन गर्न रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा १० मा रोजगार सेवा केन्द्र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी स्थानीय तह मातहत रही कार्य गर्ने गरी प्रत्येक स्थानीय तहमा एक रोजगार सेवा केन्द्र स्थापना गर्नेछ प्रावधान रहि आए बमोजिम नेपाल सरकारले रोजगार सेवा केन्द्रको कामको सङ्घीय तहबाट निर्देशन, समन्वय र सहजीकरण गर्ने जिम्मेवारी श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय लाई दिइएको छ ।

रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम ६ र एकीकृत श्रम रोजगार सेवा संचालन तथा व्यवस्थापन कार्यविधि २०८० मा रोजगार सेवाका काम कर्तब्य र अधिकारीको विस्तार गरिएको छ।




स्थानीय तहभित्र रहेका बेरोजगार व्यक्तिको तथ्यांक संकलन तथा विश्लेषण गरी बेरोजगारको सूची अद्यावधिक गर्ने,स्थानीय तहभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गर्ने, स्थानीय तहभित्रको रोजगारीको सम्भाव्य स्थिति विश्लेषण गरी रोजगारीको तथ्यांक संकलन गर्ने, रोजगार नक्सांकन गर्ने तथा रोजगारीका अवसरको अभिलेखांकन गर्ने,रोजगारदाताका लागि श्रमिकको उपलब्धताको सम्भाव्यता जानकारी गराउने, रोजगारदाताबाट माग भए बमोजिम सूचीकृत बेरोजगार व्यक्तिलाई रोजगारीका लागि काममाजान सूचित गर्ने,बेरोजगारहरुको ज्ञान, सीप, योग्यता, अनुभव, र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी सम्बन्धित तालिम केन्द्रमा सिफारिस गर्ने, वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्न आवश्यक सहजिकरण तथा परामर्श,वैदेशिक रोजगारबाट फर्केका श्रमिकको सामाजिक र आर्थिक पुनः

एकीकरण सम्बन्धी क्रियाकलापहरु, स्वरोजगारका लागि उद्यमशीलता विकास तथा व्यावसायिक योजना निर्माणमा सहयोग गर्नु ।

स्थानीय तहमा पहुँच भएका श्रम र रोजगार सम्बन्धी सूचना प्रणाली सञ्चालन, व्यवस्थापन तथा समग्र श्रम रोजगारीका क्रियाकलाप गर्ने जिम्मेवारी तोकिएको छ। यस लालझाडी गाउँपालिका अन्तर्गत पनि रोजगार सेवा केन्द्रले सुरुवातबाटै संचालनमा आई न्यूनतम रोजगार, बेरोजगार तथ्याङ्क संकलन,सुरक्षित आप्रवासन तथा विभिन्न श्रम र श्रमिकका हित प्रवर्द्धन र रोजगारीका क्रियाकलाप मा जोड दिँदै आएको छ। बेरोजगारहरु सँग निरन्तर सेवा प्रवाह गर्दै आए पनि यस क्षेत्रमा व्यवसाय संचालन गर्दै आएका रोजगारदाताहरु सँग सम्बन्ध विस्तारका बिषयबस्तुमा केही कमी रहेको तथ्याङ्कले देखाउँछ।

रोजगार सेवा केन्द्रको प्रमुख सरोकारवालामा बेरोजगार व्यक्ती र रोजगारदाताहरु रहे पनि रोजगारदताको तथ्याङ्क संकलनका क्रममा रोजगारदाताको तथ्याङ्क फारममा को प्रश्न १८ मा आवश्यक जनशक्ती / मजदुर/श्रमिकको उपलब्धता रोजगार सेवा केन्द्रबाट प्राप्त हुने प्रश्नावलीमा ६० प्रतिशत रोजगारदाताहरुलाई रोजगार सेवा केन्द्रको बारे जानकार नरहेको पाईएको देखिन्छ भने ४० प्रतिशत रोजगारदाताहरु रोजगार सेवा केन्द्र जानकार रहेको देखिन्छ। यस अर्थमा रोजगार सेवा लाई बिस्तार गर्न रोजगारदाताहरु सँगको पहुँच बिकास गरि रोजगारी अभिवृद्धिका क्रियाकलापहरु संचालन गरि कार्यान्वयन गर्न सके अझ परिणाममुखी प्रतिफल प्राप्त गर्न सक्ने देखिन्छ।

प्रकाशक :
रोजगार सेवा केन्द्र
लालझाडी गाउँपालिका
शंकरपुर, कन्चनपुर